नेपाल सरकार
गृह मन्त्रालय
**अध्यागमन विभाग**
(.................................................. शाखा)

फोन: ४४२९६५९, ४४२९६६०, ४४३३१३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स: ४४३३१३५

कालिकास्थान, काठमाण्डौं
Website: www.nepalimmigration.gov.np
E-mail : info@nepalimmigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या :-
चलानी नं. :-

## विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली (Foreign Nationals Management Information System, FNMIS) मा आबद्ध हुनेसम्बन्धी

## अत्यन्त जरुरी सूचना

मितिः २०८२।९।७

अध्यागमन विभागले नेपाल भ्रमण गर्ने विदेशी नागरिकहरुको सुरक्षा, सूचनामा सहजीकरण, सम्भावित अपराध नियन्त्रण र नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने उद्देश्यले विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली (Foreign Nationals Management Information System) विकास गरेको र आगामी वि. सं. २०८२ पुष १७ (सन् २०२६ जनवरी १) देखि अनिवार्य रुपमा कार्यान्वयन गर्ने गरी सार्वजनिक सूचना प्रकाशन गरेको छ।

यस प्रणालीलाई पहिलो चरणमा वि. सं. २०८२ पुष १७ (सन् २०२६ जनवरी १) गतेदेखि काठमाडौं उपत्यकाभित्रका तारे होटलहरुमा अनिवार्य रुपमा लागू गरिनेछ। दोस्रो चरणमा वि. सं. २०८२ फागुन १७ (सन् २०२६ मार्च १) देखि देशभित्रका सबै तारे होटल, विमान कम्पनी, टुर्स एण्ड ट्राभल्स कम्पनी, मनी एक्सचेञ्जरहरुमा र क्रमशः सबै प्रकारका होटल, गेष्ट हाउस र अन्य सार्वजनिक तथा निजी संस्थाबाट प्रवाह हुने सेवामा लागू गरिने कार्ययोजना रहेको छ।

यस सूचना प्रणालीको कार्यान्वयनको प्रभावकारीताका लागि विदेशी नागरिकहरुलाई सेवा प्रदान गर्ने सबै निकायहरु प्रणालीमा दर्ता हुनुपर्छ। यो प्रणाली कार्यान्वयनको लागि छोटो अवधी मात्र बाँकी रहेको र हालसम्म प्रणालीमा आवद्ध भएका निकायहरुको संख्या न्यून रहेको देखिएकोले यथाशीघ्र आवद्धताको लागि अनुरोध गरिएको छ। पहिलो चरणमा उपत्यकाका तारे होटेलहरुमा अनिवार्य लागू गर्ने भए तापनि विदेशी नागरिकहरुलाई सेवा प्रवाह गर्ने सबै सार्वजनिक संस्था एवम् निजी कम्पनीहरु अग्रीम रुपमा यस प्रणालीमा आबद्ध हुन सकिनेछ। उक्त प्रणालीमा दर्ता हुने प्रक्रिया र Manual यस विभागको वेभसाईट https://www.immigration.gov.np मा हेर्न सकिनेछ। यस सम्बन्धी थप जानकारी आवश्यक भएमा विभागको सूचना प्रविधि शाखा वा विभागका कम्प्युटर ईञ्जिनियर श्री सन्तोष कुमार शाह (मोवाईल नं +९७७ ९७६१४२३६३७) लाई सम्पर्क गर्न सकिनेछ।

टीकाराम ढकाल
प्रवक्ता/निर्देशक